जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

## राष्ट्रिय दैनिक Samvahak National Daily

वर्ष : ४ अंक : २० २०८३ साल बैशाख २३ गते, बुधबार Wednesday, May.– 06 2026 मूल्य रु. ५/- पृष्ठ : ४

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

# बारा सीमाक्षेत्रमा तस्करी र लागुऔषध सञ्जाल सक्रिय, "खेना" समूहको प्रभाव निर्वाद्ध, एसएसबी सक्रिय हुँदा सशस्त्र प्रहरीको भूमिकामाथि प्रश्न







*बारा, वैशाख २२।*
नेपाल-भारत सीमासँग जोडिएको बारा जिल्लामा तस्करी तथा लागुऔषध ओसारपसारका गतिविधि पुनः सक्रिय हुँदै गएको देखिएको छ। भारतको बिहारदेखि पिपरपाती, कवहीगोठ हुँदै कलैयासम्म फैलिएको अवैध व्यापार सञ्जालमा 'खेना' नामले चिनिने समूहको प्रभाव बढ्दै गएको स्थानीय स्रोतहरूले बताएका छन्।

उक्त सञ्जालले सीमावर्ती नाकालाई मुख्य ट्रान्जिट बनाएर कपडा, चकलेट, काजु लगायतका दैनिक उपभोग्य वस्तुहरू अवैध रूपमा ओसारपसार गर्दै आएको आरोप छ। भारततर्फबाट सामान नेपाल भित्र्याएर पिपरपाती, कवहीगोठ र आसपासका क्षेत्रमा भण्डारण गरी पछि कलैया हुँदै अन्य जिल्लासम्म वितरण गर्ने संरचित प्रणाली सक्रिय रहेको दाबी गरिएको छ।

त्यसैगरी रातिको समयमा भारतीय मोटरसाइकल तथा साना सवारीसाधन प्रयोग गरी सामान ओसारपसार हुने गरेको र यसमा स्थानीय तथा सीमा पारका व्यक्तिहरूको संगठित संलग्नता रहेको आरोप पनि छ। 'खेना' समूहले सीमावर्ती क्षेत्रमा प्रभाव जमाउँदै सुरक्षा निगरानीलाई समेत चुनौती दिँदै आएको स्थानीयको भनाइ छ।

यसैबीच, सीमाक्षेत्रमा लागुऔषध र मदिरा ओसारपसार पनि बढ्दो देखिएको छ। हाले भारतीय सीमा सुरक्षा बल (एसएसबी) र बिहार प्रहरीको संयुक्त कारबाहीमा ठूलो परिमाणमा मदिरासहित चार जनालाई पक्राउ गरिएको थियो। यस्तै बारा प्रहरीले गरेको कारबाहीमा करिब २१ केजी गाँजासहित दुई जना पक्राउ परेका थिए, जसले नेपालबाट भारततर्फ अवैध सामग्री ओसारपसार भइरहेको पुष्टि भएको देखिन्छ।

पचरौता नगरपालिका अन्तर्गत पिपरपाती र कवहीगोठ क्षेत्रबाट कपडा, चकलेट तथा अन्य सामग्रीको अवैध कारोबार निरन्तर भइरहेको स्थानीयको भनाइ छ। भारतको बिहारदेखि सुरु हुने तस्करी सञ्जाल पिपरपाती हुँदै कलैयासम्म विस्तार भएको र यसमा 'खेना' समूहको प्रभाव प्रमुख रहेको आरोप छ।

सीमा क्षेत्रमा सशस्त्र प्रहरीको उपस्थिति भए पनि तस्करी नियन्त्रण प्रभावकारी नभएको भन्दै जनस्तरमा प्रश्न उठ्न थालेको छ। कतिपय स्थानमा सुरक्षा निकायको ढिलासुस्ती र मौनताका कारण तस्करी गतिविधि सहज भएको आरोपसमेत स्थानीयले लगाएका छन्।

यता भारतीय सुरक्षा निकाय एसएसबी भने नियमित कारबाहीमार्फत सक्रिय देखिए पनि नेपालतर्फको नियन्त्रण कमजोर देखिएको भन्दै असन्तुलनको अवस्था रहेको विश्लेषण गरिएको छ। सुरक्षा निकायले भने सीमा क्षेत्रमा निगरानी

बाँकी तेस्रो पृष्ठमा

# शिक्षा र प्रशासन सुधारमा नयाँ नीति, दलगत झोला-झण्डा निषेध गर्ने बालेन सरकारको तयारी



*वीरगञ्ज, २२ वैशाख।*
प्रधानमन्त्री बालेन शाह ले शिक्षालय र कर्मचारीतन्त्रलाई दलगत राजनीतिक प्रभावबाट पूर्ण रूपमा मुक्त गर्ने सरकारको नीति कडाइका साथ कार्यान्वयन गर्ने घोषणा गरेका छन्।

सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिएको धारणा अनुसार उनले वर्षौंदेखि जरा गाडेको "पार्टीकरण" को संस्कृतिले राज्यका संस्थाहरू कमजोर बनाएको उल्लेख गर्दै अब योग्यता, क्षमता र दक्षतालाई मात्र आधार बनाइने बताएका छन्।

प्रधानमन्त्री शाहका अनुसार शिक्षालय र कर्मचारीतन्त्रमा दलगत प्रभावले प्रणालीप्रति जनविश्वास घटाएको र सेवा प्रवाहमा समेत असर पारेको छ। उनले विद्यार्थी र कर्मचारी संगठनहरूलाई राजनीतिक दलको प्रभावबाट मुक्त गर्दै स्वतन्त्र, व्यावसायिक र विधिमा आधारित प्रणाली विकास गर्नुपर्नेमा जोड दिएका छन्।

सरकारले हालै ल्याएको अध्यादेशमार्फत शिक्षालय र कर्मचारीतन्त्रमा देखिएका विकृति हटाउने प्रयास गरिएको पनि उनको भनाइ छ। "अब नियुक्ति, सरुवा र बढुवामा दलगत निकटता होइन,

बाँकी तेस्रो पृष्ठमा

# कलैयामा सार्वजनिक जग्गा अतिक्रमण हटाउन उपमहानगरको अल्टिमेटम




***संवाहक सम्वादाता-२२ वैशाख, कलैया***
बाराको कलैया उपमहानगरपालिका ले आफ्नो क्षेत्रभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण हटाउन ३५ दिनको समयसीमा तोकेको छ। उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामविनय कुमार सिंहले जारी गरेको सूचनाअनुसार तोकिएको अवधिभित्र अतिक्रमण गरी बनाइएका संरचना स्वेच्छाले हटाउन सम्बन्धित सबैलाई आग्रह गरिएको छ।

उपमहानगरपालिकाले सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थित सहरी विकासका लागि यस्तो कदम चालिएको जनाएको छ। सूचनामा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय को पत्र तथा नेपाल सरकार मन्त्रिपरिषद् को एक सय बुँदे कार्ययोजनाको बुँदा नम्बर ९२ अनुसार सार्वजनिक तथा सरकारी जग्गाको संरक्षण र व्यवस्थापनलाई प्राथमिकतामा राख्दै अतिक्रमण हटाउने अभियान अघि बढाइएको उल्लेख गरिएको छ।

सूचनाअनुसार उपमहानगरपालिका क्षेत्रभित्र पर्ने सडक, खोला, नाला, ऐलानी, पर्ती, पार्क, गौचर, विद्यालय परिसर, सार्वजनिक पोखरी, धार्मिक स्थल, बजार क्षेत्र, मठमन्दिर तथा इनारजस्ता स्थानमा बनाइएका घर, टहरा, घेरा वा अन्य भौतिक संरचनाहरू अतिक्रमणको दायरामा पर्ने जनाइएको छ। यस्ता संरचनाहरूले सार्वजनिक उपयोगका स्थान संकुचित बनाउनुका साथै जोखिमसमेत बढाएको भन्दै स्थानीय तहले चिन्ता व्यक्त गरेको छ।

उपमहानगरपालिकाले तोकिएको ३५ दिनभित्र अतिक्रमण नहटाएमा प्रचलित कानुनअनुसार बलपूर्वक हटाउने प्रक्रिया अघि बढाइने चेतावनी दिएको छ। साथै, अतिक्रमण हटाउने क्रममा हुने क्षतिको जिम्मेवारी सम्बन्धित व्यक्ति वा पक्ष स्वयंले वहन गर्नुपर्ने पनि सूचनामा उल्लेख गरिएको छ।

स्थानीय तहले यस अभियानलाई दीर्घकालीन रूपमा सार्वजनिक सम्पत्तिको संरक्षण, वातावरणीय सन्तुलन कायम राख्ने तथा व्यवस्थित सहरीकरणतर्फको महत्वपूर्ण कदमका रूपमा लिएको

बाँकी तेस्रो पृष्ठमा

# ऐतिहासिक सन्धि-सम्झौता, लिपुलेक-कालापानी-लिम्पियाधुरा विवाद र नेपालको कूटनीतिक बाटो

***"लिपुलेक-कालापानी-लिम्पियाधुरा विवाद सुगौली सन्धिको अस्पष्ट व्याख्याबाट उत्पन्न भएको हो। नेपाल ऐतिहासिक प्रमाणमा अडिग छ भने भारत प्रशासनिक नियन्त्रणमा जोड दिन्छ। समाधानका लागि नेपालले प्रमाणसहित कूटनीतिक पहल र राष्ट्रिय एकता बलियो बनाउन आवश्यक छ।"***



लेखक: पन्नालाल दास

लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्रको सीमा विवादलाई ऐतिहासिक सन्धि-सम्झौतासँग तुलना गर्दा यसको जड निकै पुरानो र जटिल रहेको देखिन्छ। सन् १८१६ को सुगौली सन्धिले नेपाल र तत्कालीन ब्रिटिस भारतबीच काली नदीलाई पश्चिमी सीमा मानेको थियो। तर, उक्त सन्धिमा काली नदीको वास्तविक मुहान स्पष्ट रूपमा परिभाषित नगरिँदा समयसँगै फरक-फरक व्याख्या हुन थाले, जसले आजको विवादलाई जन्म दिएको हो। १८६० को संशोधित व्यवस्था र विभिन्न नक्सा तथा प्रशासनिक अभिलेखहरूले नदीको वास्तविक स्रोतबारे बहस उत्पन्न गर्दै आजको विवादको जड तयार पारेका छन्।

नेपालले लिम्पियाधुराबाट काली नदी सुरु हुने ऐतिहासिक नक्सा, अभिलेख र प्रमाण प्रस्तुत गर्दै सो क्षेत्र आफ्नो सार्वभौम भूभाग भएको दाबी गर्दै आएको छ। तर भारतले नदीको उद्गम फरक स्थानबाट देखाउँदै कालापानी क्षेत्रमा आफ्नो प्रशासनिक नियन्त्रण र सुरक्षा उपस्थितिलाई आधार बनाएको छ। ब्रिटिसकालीन सन्धि र त्यसपछिका नक्साहरूको तुलना गर्दा सीमा निर्धारणमा एकरूपता नदेखिनु मुख्य समस्या बनेको छ। प्रारम्भिक नक्साहरूले नेपाल पक्षको दाबीलाई समर्थन गर्ने संकेत गरे पनि पछि विभिन्न समयमा तयार पारिएका नक्साहरूमा परिवर्तन देखिन्छ।

यसले देखाउँछ कि सन्धि मात्र पर्याप्त हुँदैन, त्यसको स्पष्ट व्याख्या र निरन्तर कार्यान्वयन पनि उत्तिकै महत्वपूर्ण हुन्छ। यही अस्पष्टता अहिले भारतले आफ्नो पक्षमा प्रयोग गरिरहेको देखिन्छ भने नेपालले पुराना प्रमाणलाई आधार बनाएर आफ्नो दाबीलाई बलियो बनाउने प्रयास गरिरहेको छ।

वर्तमान भू-राजनीतिक सन्दर्भमा भारतले लिपुलेक मार्गलाई

बाँकी तेस्रो पृष्ठमा

# नारायणी अस्पताल तीन वर्षदेखि मनोचिकित्सकविहीन, बिरामी निजी उपचारतर्फ धकेलिन बाध्य



*वीरगञ्ज, २२ वैशाख –*
वीरगञ्जस्थित नारायणी अस्पताल मा विगत तीन वर्षदेखि मनोचिकित्सक ( उकथअजष्बतचष्कत) नहुँदा मानसिक स्वास्थ्य सेवा प्रभावित बनेको छ। सरकारी स्तरको प्रमुख अस्पतालमै विशेषज्ञ सेवा अभाव हुँदा सेवाग्राहीहरू महँगो शुल्क तिरेर निजी अस्पतालमा उपचार गराउन बाध्य भएका छन्।

अस्पतालमा दैनिक २५ देखि ३० जना मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका बिरामी परामर्शका लागि आउने गरे पनि आवश्यक विशेषज्ञ सेवा उपलब्ध नहुँदा उनीहरूलाई अन्य स्वास्थ्य संस्थामा रेफर गर्नुपर्ने अवस्था रहेको छ। यसले बिरामी तथा उनीहरूका परिवारलाई अतिरिक्त आर्थिक भार

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ ।"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय .......

### कलैया अस्पतालमा रेबिज खोप अभाव– व्यवस्थापनको गम्भीर असफलता

बाराको कलैयास्थित प्रादेशिक अस्पतालमा रेबिजविरुद्धको खोप अभाव हुनु सामान्य कमजोरी होइन, यो स्वास्थ्य व्यवस्थापनको गम्भीर असफलताको संकेत हो। सरकारले निःशुल्क उपलब्ध गराउनुपर्ने अत्यावश्यक खोप महिनौँसम्म उपलब्ध नहुनु र बिरामीलाई निजी मेडिकल धाउन बाध्य पारिनु, जनस्वास्थ्यप्रतिको राज्यको जिम्मेवारीमाथि ठाडो प्रश्न हो।

रेबिज जस्तो प्राणघातक रोगमा समयमै खोप नपाए ज्यानै जान सक्छ। यस्तो संवेदनशील अवस्थामा सरकारी अस्पतालले सेवा दिन नसक्नु केवल व्यवस्थापकीय कमजोरी मात्र होइन, नागरिकको जीवनसँग खेलवाड हो। दैनिक दर्जनौं बिरामी उपचारका लागि आउने अवस्थामा समेत खोपको पर्याप्त व्यवस्था नगर्नु योजनाविहीनता र बेवास्ताको परिणाम हो।

अस्पताल प्रशासनले खोप अभाव स्वीकार गरे पनि समस्या समाधानतर्फ ठोस पहल नदेखिनु झन् चिन्ताजनक छ। बिरामीलाई निजी मेडिकलबाट महँगो मूल्यमा खोप किन्न बाध्य पारिनु स्वास्थ्य सेवाको व्यापारीकरणको संकेत पनि हो। यसले विपन्न वर्गलाई झन् ठूलो मारमा पारिरहेको छ, जुन सामाजिक न्यायको सिद्धान्त विपरीत छ।

यस्ता घटनाले सरकारी स्वास्थ्य संस्थाप्रतिको विश्वास कमजोर बनाउँछ। यदि नागरिकले निःशुल्क र आधारभूत सेवा पनि पाउन नसक्ने हो भने, राज्यको अस्तित्वको औचित्यमाथि नै प्रश्न उठ्न सक्छ।

अतः सम्बन्धित निकायले तत्काल खोप आपूर्ति सुनिश्चित गर्दै दीर्घकालीन समाधानतर्फ कदम चाल्न आवश्यक छ। साथै, सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता कायम गरी यस्ता समस्या दोहोरिन नदिने दृढ प्रतिबद्धता देखाउनुपर्छ। जनस्वास्थ्यमा लापरवाही कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन।घ

# स्वायत्त आयोगबाटै सुसूचित

वयस्क भएको आयोगले आफ्नो स्थापना दिवस मनाइरहँदा अबका दिनमा यथार्थमा स्वायत्तता पाउन सक्यो भने सूचनाको अधिकारलाई लोकतान्त्रिक मूल्यमान्यता र संस्कारसहितको सुसूचित समाज निर्माणमा सघाउ पुग्ने विश्वास गर्न सकिन्छ ।



डा. सुरेश आचार्य




राष्ट्रिय सूचना आयोग आफ्नो स्थापनाको १८ वर्ष पार गरेर वयस्क भएको छ । नेपालको गणतन्त्रसहितको लोकतन्त्र पनि १८ वर्ष पूरा हुँदै छ । सूचनाको हक र लोकतन्त्र एकअर्काका पर्याय हुन् भन्नु अत्युक्ति हुँदैन । लोकतन्त्रले परिकल्पना गर्ने विधिको शासन, पारदर्शिता, सुशासन र जवाफदेहिताको सुनिश्चित सूचनाको नियमित र सही प्रवाहले मात्र गर्न सकिन्छ। सूचना प्रविधिको यो युगमा सूचनालाई जति सहज र स्वाभाविक रूपमा प्रवाह गर्न सक्यो त्यति नागरिकको लोकतन्त्रप्रतिको विश्वास अझ बढ्छ । सूचना लुकाएर सक्षम र सफल बनिने होइन, सूचनालाई नागरिकमा प्रवाह गरेर उनीहरूलाई सुदृढ, सफल र सक्षम बनाउन सकिन्छ ।

सूचनाको हकसम्बन्धी ऐनले राष्ट्रिय सूचना आयोगलाई सूचनाको हकको संरक्षण, प्रवर्धन र प्रचलन गर्ने दायित्व दिएको छ। राज्यका गोपनीयतासँग सम्बन्धित विषय र नागरिकको वैयक्तिक गोपनीयताको अधिकारसँग सम्बन्धित विषय संरक्षण गर्नु आयोगको कर्तव्य मानिएको छ । राज्य नियन्त्रित सार्वजनिक निकायमा रहेका सूचना कति वर्षसम्म संरक्षण गर्ने र त्यसपछि खुलासा गर्ने भन्ने विषयमा पनि आयोगको भूमिका खोजिएको छ। सूचनाको हकसम्बन्धी कानुनले कम्तीमा २० वर्षसम्मका सूचना अद्यावधिक गर्नु सार्वजनिक निकायको दायित्व बनाएर सार्वजनिक चासोका विषय निश्चित समयसम्म नष्ट गर्न मिल्दैन भन्ने प्रस्ट सन्देश दिएको छ ।

सूचनाको हक प्रवर्धनमा मूलतः दुई वटा पक्ष जोडिएका छन् । एउटा पक्ष सूचना मागकर्ता हो भने अर्को पक्ष सूचना प्रवाह गर्ने निकाय हो । कानुनले सूचना माग गर्ने पक्षलाई व्यक्तिका रूपमा चिनेको छ भने सूचना प्रवाह गर्ने पक्ष सार्वजनिक निकाय मानेको छ । नागरिकले आफ्नो चासोका जति धेरै सूचना माग गरे वा सार्वजनिक निकायले जति सहज ढङ्गमा सूचना प्रवाह गरे, सूचनाको हकको त्यति धेरै प्रवर्धन हुन्छ । सार्वजनिक निकायमा संरक्षण गर्नुपर्ने र प्रवाह गर्नुपर्ने दुवै खालका सूचना हुन्छन् । व्यक्तिका सूचना ऊ स्वयम्ले माग गरेमा बाहेक संरक्षण गर्नुपर्ने मानिएको छ भने सार्वजनिक सरोकार र महत्वका विषयमा सूचना माग गर्ने अधिकार हरेक नागरिकलाई दिएको छ। यति मात्र होइन, सार्वजनिक चासोका विषय कसैले माग नगरेको अवस्थामा समेत स्वतः प्रकाशन अन्तर्गत प्रवाह गर्नुपर्ने दायित्व सार्वजनिक निकायमा थपेको छ ।

सूचना प्रवाह गर्नुपर्ने पक्षलाई आयोगले तिम्रो अधिकार, कर्तव्य र जिम्मेवारी यो हो भनेर बुझाउन जति सहज छ, सूचना माग गर्ने पक्षमा आयोग पुग्न त्यति सहज छैन । सार्वजनिक निकाय कानुनको पालना नगर्दा दण्डित हुने कानुनी व्यवस्थाले ऊ सचेत हुँदै गएको छ। नेपालमा १८ वर्ष उमेर पुगेको जनसङ्ख्या दुई करोडको हाराहारीमा रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयको अभिलेखले देखाउँछ। कानुनको भाषामा सूचनाको हक यी सबै नागरिकको अधिकार हो । यी नागरिकलाई सूचना कहाँ र कसरी माग गर्ने भनेर बुझाउन अझै सकिएको छैन । आयोग एक्लैको प्रयासले यी सबै नागरिकमा त्यो चेतना पुऱ्याउन सहज देखिएको छैन। सूचनाको प्रचलन हिजोको अवस्थाभन्दा व्यापक हुँदै गएको छ । सूचना दिनु पर्छ भन्ने चेत सार्वजनिक निकाय खास गरी राज्य पक्षका निकायमा छ । उनीहरू यसबारे लगभग पूर्ण जानकार छन् । तथापि सूचना प्रवाह गर्नेभन्दा गोप्य राख्ने संस्कार अद्यपि कायम नै छ। सूचना प्रवाह गर्नु नागरिकको विश्वास जित्नु हो भन्ने मानसिकताको विकास हुन अझै समय लाग्ने देखिन्छ। बरु सूचना प्रवाह गर्दा बर्बाद हुन्छ, फसिन्छ, गाल पर्छ भन्ने खालको मनोविज्ञानले काम गरेको छ। राज्य संयन्त्रका निकायमा अलग्गै सूचना सेवा छैन । कतै सूचना प्रविधिमा कार्यरत, कतै सहायक पदमा कार्यरत, कतै लेखा समूहमा कार्यरत कर्मचारीले सूचना अधिकारीको भूमिका पाएका छन् । तोकिएको सूचना अधिकारीले सूचना प्रवाह गर्ने दायित्वलाई थप अधिकारका रूपमा भन्दा बोझका रूपमा लिएको छ । कुनै पनि सूचना कार्यालय प्रमुखलाई नसोधी दिन मिल्दैन भन्ने मानसिकता छ। सूचनाको जानकारी राख्ने कार्यालय प्रमुख र सूचना अधिकारीबिच आफैँमा सूचना प्रवाह नभएको अवस्था छ ।

सूचना माग गर्दा यसको प्रयोजन खुलाउनुपर्ने ऐनको व्यवस्थालाई सूचना अधिकारकर्मीले नकारात्मक प्रावधानका रूपमा लिने गरेका छन्। कुनै पनि सार्वजनिक चासोका विषय माग गर्दैगर्दा व्यक्तिको अधिकारका सीमा र दायित्व के हुन् ? कुनै व्यक्तिले जति पनि सूचना जुनसुकै कार्यालयमा माग्न पाउने हो ? वा खास विषयकेन्द्रित भएर मात्र माग्नुपर्ने हो ? दर्जनौं वा सयौं निकाय कुनै खास व्यक्तिका लागि सूचना दिन तयार रहनुपर्ने हो ? वा उसले पाएका सूचना सार्वजनिक चासो हुने हुँदा त्यसलाई सार्वजनिक गर्नु गराउनु उसको पनि दायित्व हुन्छ ? सूचना प्रवाह गर्ने निकायमा यी र यस्ता प्रश्न अनुत्तरित छन् ।

सूचनामा पहुँच पत्रकारको अधिकार हो । सूचनाको हक आमनागरिकको अधिकार हो । नेपालमा सूचनाको हकसम्बन्धी विधेयक नै नेपाल पत्रकार महासङ्घले पहिलो पटक मसौदा गरेको र २०६१ सालमा महाराजको शासन सुरु भएदेखि २०६२/६३ को आन्दोलनसम्म मिडियाले निर्वाह गरेको भूमिकाका कारण नै सूचनाको हकसम्बन्धी ऐन जारी भएको पृष्ठभूमिमा कतिपयले सूचनाको हकलाई मिडियाका अधिकारका रूपमा बुझेका छन् । मिडियाले सूचनाको हक प्रयोग गरेर ठुलठुला घटनालाई सार्वजनिक गर्न सक्छ। यो अभ्यास केही हदसम्म पत्रकारले गर्दै आएका पनि छन् । त्योभन्दा पनि बढी यो अधिकार आमनागरिकको हो भन्ने सन्देश पनि मिडियाबाट जान जरुरी छ । यो अधिकारको प्रचलनका लागि नागरिक तहमा पुऱ्याउन मिडिया र नागरिक समाजको भूमिका अरू कसैको भन्दा बढी प्रभावकारी हुन सक्छ ।

सूचना माग गर्ने प्रवृत्तिको विकास अझै आवश्यक छ। सूचना माग गर्ने नाममा देखिएका विकृति निरुत्साहित गर्न उत्तिकै जरुरी छ। यस्तो विकृति मौलाउन थाल्यो भने सूचना दिने नै निरुत्साहित हुन सक्छन् भनेर आयोगले केही अभ्यास प्रारम्भ गरेको छ । आयोगको यो अभियान सूचनामाथिको नियन्त्रणका लागि होइन। सूचना माग गर्ने पक्ष आफूले सूचना माग गर्नुपर्ने कारणबारे प्रस्ट होऊन् र सूचना प्रवाह गर्ने पक्षले सूचनाका नाममा अनाहकमा दुःख दिएको अनुभूति गर्नु नपरोस् । आयोगको यो अभियानमा केही सूचना मागकर्ताले सूचनाको हकको मर्यादा कायम राखेर सहयोग पनि गरेका छन् । कतिपयमा सूचनाको खेती गर्ने प्रवृत्ति अझै पनि कायम छ । यसो गर्दै जाँदा सूचनाको हकको दुरुपयोग बढ्न थालेको अनुभूति गर्ने पक्षले आयोगमा सूचना दुरुपयोगमा उजुरी गर्न सुरु गरेका छन्। भारतलगायत कतिपय मुलुकले एउटै व्यक्तिले एकै पटक धेरै ठाउँमा र धेरै सूचना माग गरेर सार्वजनिक निकायलाई हैरान गर्ने प्रवृत्तिलाई सूचनाको दुरुपयोग भनेर व्याख्यासमेत गरेका छन् । आयोगले यस्तो प्रवृत्ति निरुत्साहित गर्न पहिलो पटक सूचना एवं सूचनाको हकसमेतको दुरुपयोगमा कारबाही गरेको छ ।

आयोगले एक वर्षभन्दा लामो समय लगाएर गर्न चाहेको काम सूचना माग गर्ने, प्रवाह गर्ने, सूचना दिलाउने र दण्डित गर्नेसम्मका सबै प्रक्रियालाई पारदर्शी र सूचना प्रविधिमैत्री बनाउन डिजिटल प्ल्याटफर्मको अर्को अभियान हो। यसलाई 'पाइलट प्रोजेक्ट' का रूपमा सुरु गरे पनि अझ सूचना प्रविधिमैत्री र आमनागरिकका लागि सहज बनाउने उद्देश्यका साथ यसको पुनर्मूल्याङ्कन थालेको छ। आयोगको यो अभियानमा विश्व बैङ्कले रुचि दिएर पुनर्मूल्याङ्कनलाई अन्तिम चरणमा पुऱ्याएको छ। यो अभियान सफल हुन सक्यो भने आमनागरिकले सूचना पाउने विषय पारदर्शी हुने छ । देशभर कति सूचना माग भए, कुन संस्थाले सहज उपलब्ध गराए र कतिले दिन आनाकानी गरे ? यसको प्रत्यक्ष निगरानी सूचना आयोगले गर्न सक्छ । सूचना प्रवाह गर्न नचाहने वा सूचनाको गलत प्रयोग गर्न चाहने दुवै पक्षको पहिचान गरेर सूचना प्रवाहलाई मर्यादित बनाउन सकिने छ। ऐनले राष्ट्रिय सूचना आयोगलाई एक स्वायत्त संस्थाका रूपमा परिभाषित गरेको छ। आफैँ स्रोतसाधन जुटाउन नसक्ने र सरकारले तोकेको आर्थिक सीमाभित्र बसेर काम गर्नुपर्ने संस्था नाम मात्रको स्वायत्त हुन्छ भनेर भनिरहन नै पर्दैन । तथापि सरकारले यो आयोगलाई अरू संवैधानिक आयोगसरह मान्यता दिएर पदाधिकारीलाई सेवासुविधा दिएको छ । यसका पदाधिकारीको नियुक्तिका प्रक्रिया पनि प्रतिनिधि सभासँग जोडेर एउटा हैसियत प्रदान गरेको छ। तथापि सरकारमा रहनेले यसलाई सरकारकै अङ्गका रूपमा व्यवहार गरेर कमजोर पार्ने प्रयत्न जारी राखेका छन्। वयस्क भएको आयोगले आफ्नो स्थापना दिवस मनाइरहँदा अबका दिनमा यथार्थमा स्वायत्तता पाउन सक्यो भने सूचनाको अधिकारलाई लोकतान्त्रिक मूल्यमान्यता र संस्कारसहितको सुसूचित समाज निर्माणमा सघाउ पुग्ने विश्वास गर्न सकिन्छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## गाजामा स्वास्थ्य पुनस्थापना प्रणाली कमजोर, अन्तर्राष्ट्रिय सहयोगको अपिल

संयुक्त राष्ट्रसङ्घ, वैशाख २२ गते ।

गाजामा घाइते बिरामीका लागि पुनस्थापना सेवामा गम्भिर अभाव देखिएको भन्दै मानवीय निकायले चिन्ता व्यक्त गरेका छन् । मानवीय समन्वय सम्बन्धी निकायका अनुसार गाजामा ६ हजार ६०० भन्दा बढी बालबालिका रहेका छन् ।

सन् २०२३ को अक्टोबर यता हजारौं व्यक्ति गम्भिररूपमा प्रभावित भएका छन्, तर हाल त्यहाँ केवल आठ जना प्राविधिक मात्र उपलब्ध रहेका छन् । विशेषज्ञको अभाव र आवश्यक सामग्रीको सीमित आपूर्तिका कारण वर्तमान आवश्यकतालाई पूरा गर्न कम्तीमा पाँच वर्ष लाग्न सक्ने अनुमान गरिएको छ ।



संयुक्त राष्ट्रसङ्घका आपतकालीन राहत संयोजक टम फ्लेचरका अनुसार गाजामा सहयोग कार्य निरन्तर जारी रहेको छ, जसले जीवन जोगाउन, अनिकाल रोक्न तथा आधारभूत सेवा पुनः स्थापना गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । तथापि, अझ धेरै प्रयास आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो । मानवीय साझेदारले झण्डै ४ हजार ५०० घरपरिवारलाई त्रिपाल, ओछ्यान तथा अन्य आवश्यक सामग्री वितरण गरेका छन् । खान युनिस क्षेत्रमा उपलब्ध सामग्री प्रयोग गरी अस्थायी आश्रय निर्माण गरिएको छ, जसलाई आवश्यक सामग्री उपलब्ध भएपछि थप सुदृढ बनाउन सकिने जनाइएको छ । स्वास्थ्य क्षेत्रका निकायले कीरा तथा मुसाका कारण छाला सम्बन्धी रोगलगायत अन्य स्वास्थ्य समस्या बढ्न सक्ने जोखिमप्रति पनि ध्यानाकर्षण गराएका छन् ।

## एअर इन्डिया दुर्घटनामा विद्युतीय त्रुटिको आशङ्का

***मेलबर्न, वैशाख २१ गते ।***

विश्वव्यापी ऊर्जा आपूर्ति अस्थिर बन्दै गइरहेका बेला जापान र अस्ट्रेलियाले ऊर्जा सुरक्षा, रक्षा र महत्त्वपूर्ण खनिज क्षेत्रमा सहकार्यलाई अझ गहिरो बनाउने सहमति गरेका छन् । इरानसँग सम्बन्धित द्वन्द्वका कारण आपूर्ति शृङ्खलामा देखिएको दबाबबिच दुवै देशले रणनीतिक साझेदारी मजबुत बनाउने निर्णय गरेका हुन् । जापानी प्रधानमन्त्री साने ताकाइचीले पदभार सम्हालेपछि पहिलो औपचारिक विदेश भ्रमणका क्रममा सोमबार अस्ट्रेलियाको संसद् भवनमा आफ्ना समकक्षी एन्थोनी अल्बानिजसँग भेटवार्ता गर्नुभयो । भेटमा दुवै नेताबिच क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सुरक्षासँग सम्बन्धित विविध विषयमा गहन छलफल भएको जनाइएको छ ।



ताकाइचीका अनुसार चीन, दक्षिणपूर्व एसिया, प्रशान्त टापु राष्ट्रहरू, आणविक मुद्दा तथा उत्तर कोरियाद्वारा अपहरण गरिएका नागरिकका विषयमा समेत रणनीतिक संवाद भएको थियो । उहाँले स्ट्रेट अफ हर्मुज क्षेत्रमा उत्पन्न तनावले इन्डो-प्यासिफिक क्षेत्रमा गम्भीर प्रभाव पारेको उल्लेख गर्दै यस्ता परिस्थितिमा दुवै देशले समन्वय गरेर छिटो प्रतिक्रिया दिने सहमति भएको बताउनुभयो ।

ऊर्जा निर्भरताको दृष्टिले पनि दुवै देशबिच सम्बन्ध महत्त्वपूर्ण रहेको छ । अस्ट्रेलियाले जापानलाई आवश्यक पर्ने तरलीकृत प्राकृतिक ग्यासको करिब आधा हिस्सा आपूर्ति गर्दै आएको छ भने जापान अस्ट्रेलियालाई रिफाइन्ड पेट्रोल र डिजेल आपूर्ति गर्ने प्रमुख देशहरूमध्ये एक हो ।

अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणपछि उत्पन्न आपूर्ति अवरोधलाई ध्यानमा राख्दै अस्ट्रेलियाले वैकल्पिक स्रोत सुनिश्चित गर्न पहल गरिरहेको छ । यसै क्रममा प्रधानमन्त्री अल्बानिजले हालै सिङ्गापुर, ब्रुनाई र मलेसियाको भ्रमण गरी इन्धन आपूर्ति बढाउने प्रयास गर्नुभएको थियो । सोमबार सम्पन्न सहमतिहरूले दुवै देशका नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने अल्बानिजले बताउनुभयो । उहाँका अनुसार मध्यपूर्वमा जारी द्वन्द्वका कारण विश्व बजारमा आएको अस्थिरताको असरबाट अस्ट्रेलियालीहरूलाई कम जोखिम हुने वातावरण निर्माण गर्न यो सहकार्य उपयोगी हुने छ । ऊर्जा सुरक्षासम्बन्धी संयुक्त वक्तव्यमा आवश्यक इन्धन र ग्यासको खुला व्यापार प्रवाह कायम राख्ने तथा वर्तमान सङ्कटलाई संयुक्त रूपमा सामना गर्ने प्रतिबद्धता दोहोऱ्याइएको छ । साथै आर्थिक सुरक्षा सहकार्य अन्तर्गत भूराजनीतिक तनाव, आर्थिक दबाब तथा बजार अवरोध जस्ता जोखिमबारे परामर्शलाई निरन्तरता दिने सहमति पनि गरिएको छ ।

## शिक्षा...

योग्यता र दक्षता प्रमुख आधार हुनेछ,” उनले स्पष्ट पारे।

प्रधानमन्त्री शाहले विद्यार्थीले राजनीति दलको भीडबाट होइन, शिक्षक र शैक्षिक वातावरणबाट सिक्नुपर्ने बताएका छन्। त्यस्तै कर्मचारीहरूले पनि नेताको प्रभावभन्दा विधि र कानुनको मार्गअनुसार काम गर्नुपर्नेमा जोड दिएका छन्।

उनका अनुसार यो कदम कुनै एक दलविरुद्ध नभई राज्य प्रणालीलाई पारदर्शी, सक्षम र संस्थागत बनाउने प्रयास हो। “परिवर्तन भाषणले होइन, निर्णयले आउँछ,” भन्दै उनले सबै पक्षको सहयोग आवश्यक रहेको उल्लेख गरेका छन्। सरकारको यो निर्णयलाई प्रशासनिक सुधार र संस्थागत सुदृढीकरणतर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ

## कलैया...

जनाएको छ। साथै, जोखिमयुक्त क्षेत्र–विशेषगरी खोला, नाला किनार तथा अन्य असुरक्षित स्थानमा बसोबास नगर्न सर्वसाधारणलाई सचेत गराइएको छ।

यद्यपि, अतिक्रमण हटाउने अभियानसँगै प्रभावित हुने परिवारहरूको व्यवस्थापन, वैकल्पिक बसोबास तथा मानवीय पक्षलाई समेत ध्यान दिनुपर्ने आवश्यकता औंल्याइएको छ। स्थानीयवासीहरूले विगतमा पनि यस्ता अभियान घोषणा भए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको भन्दै यसपटक कार्यान्वयनको पक्षमा स्पष्टता र पारदर्शिता माग गरेका छन्।

## नारायणी ...

र समयको समस्या थपेको छ।

अस्पतालका सूचना अधिकृत डा. उदयनारायण सिंहका अनुसार पहिले करारमा आएका एक जना मनोचिकित्सकले सेवा दिए पनि उनको कार्यकाल सकिएपछि पदपूर्ति हुन सकेको छैन। “तीन वर्षदेखि अस्पताल मनोचिकित्सकविहीन अवस्थामा सञ्चालन भइरहेको छ,” उनले बताए।

विशेषज्ञ चिकित्सकको अभावका कारण लागूऔषध दुरुपयोग, मानसिक रोग तथा अन्य मानसिक स्वास्थ्य समस्याबाट पीडित बिरामीहरू सेवा नपाएर निजी अस्पताल वा अन्य केन्द्रहरूमा जान बाध्य छन्। यसले उपचार खर्च बढाउनुका साथै सेवा पहुँचमा समेत समस्या सिर्जना गरेको छ।

यस्तै, अस्पतालमा नेफ्रोलोजिस्ट (मिर्गौला विशेषज्ञ) को अभाव पनि देखिएको छ। करारमा रहेका चिकित्सकको कार्यकाल सकिएपछि पद खाली रहेको र हाल डायलिसिस सेवा अन्य चिकित्सकको सहयोगमा सञ्चालन भइरहेको जनाइएको छ। अस्पतालमा १५ वटा डायलिसिस मेसिन रहे पनि विशेषज्ञ चिकित्सकको कमीले सेवा प्रभावकारितामा असर परेको बताइएको छ। दैनिक करिब १०० जना बिरामीले डायलिसिस सेवा लिइरहेका छन्।

अस्पताल प्रशासनले मनोचिकित्सक र अन्य विशेषज्ञ पदपूर्तिका लागि सम्बन्धित मन्त्रालय तथा निकायमा पटक-पटक पत्राचार गरे पनि अहिलेसम्म ठोस समाधान नआएको जनाएको छ।

तराई क्षेत्रमा मानसिक स्वास्थ्य समस्या बढ्दो भए पनि सरकारी अस्पतालमै सेवा नहुनु गम्भीर चुनौतीका रूपमा देखिएको सरोकारवालाहरूको भनाइ छ।

## ऐतिहासिक...

ऐतिहासिक रूपमा प्रयोग हुँदै आएको मार्ग भन्दै आफ्नो अडान कायम राखेको छ, विशेषगरी कैलाश मानसरोवर यात्रासँग जोडेर। कालापानी क्षेत्रमा भारतीय सुरक्षाकर्मीको उपस्थिति पनि सुरक्षा रणनीतिसँग सम्बन्धित रहेको भारतको भनाइ छ। अर्कोतर्फ चीनले प्रत्यक्ष रूपमा कुनै पक्ष नलिए पनि “सम्बन्धित देशहरूले आपसी संवादबाट समाधान खोज्नुपर्छ” भन्ने नीति अपनाउँदै क्षेत्रीय स्थिरतामा जोड दिँदै आएको छ। त्रिदेशीय सीमाक्षेत्र भएकाले यो विवाद केवल नेपाल-भारतबीचको मात्र नभई क्षेत्रीय शक्ति सन्तुलनसँग पनि जोडिएको विषय बनेको छ।

यस्तो अवस्थामा नेपाल सरकारले बहुआयामिक र दीर्घकालीन रणनीति अपनाउनु अत्यावश्यक देखिन्छ। पहिलो, सुगौली सन्धि, ब्रिटिसकालीन नक्सा र अन्य ऐतिहासिक अभिलेखहरूको वैज्ञानिक अध्ययन, प्रमाणीकरण र व्यवस्थित दस्तावेजीकरण गर्नुपर्छ। दोस्रो, काली नदीको वास्तविक मुहानबारे आधुनिक प्रविधि–जस्तै स्याटेलाइट नक्सा, भूगोल र जलस्रोत अध्ययन–मार्फत स्पष्ट प्रमाण तयार गर्नुपर्छ। तेस्रो, भारतसँग उच्चस्तरीय कूटनीतिक संवादलाई निरन्तरता दिँदै विश्वास निर्माणका उपायहरू अघि बढाउनुपर्छ। चौथो, आवश्यक परे अन्तर्राष्ट्रिय कानुनी मञ्चमा जाने तयारीसहित आफ्नो दाबीलाई विश्वसामु प्रमाणसहित प्रस्तुत गर्न सक्ने क्षमता विकास गर्नुपर्छ।

त्यसैगरी, सीमाक्षेत्रमा राज्यको उपस्थितिलाई मजबुत बनाउनु पनि उत्तिकै महत्वपूर्ण छ। पूर्वाधार विकास, प्रशासनिक विस्तार, सुरक्षा संयन्त्र सुदृढीकरण र स्थानीय जनताको जीवनस्तर उकास्ने कार्यक्रममार्फत “जमिनस्तरको उपस्थिति” बलियो बनाउन सकिन्छ। साथै, सीमा र राष्ट्रियताको विषयमा आन्तरिक राजनीतिक एकता कायम गर्नु, जनस्तरमा सचेतना र राष्ट्रप्रेम अभिवृद्धि गर्नु तथा विज्ञ समूहमार्फत निरन्तर अध्ययन-अनुसन्धान अघि बढाउनु आवश्यक छ।


समग्रमा, लिपुलेक-कालापानी-लिम्पियाधुरा विवाद इतिहास, कूटनीति र भू-राजनीतिक सन्तुलनसँग गाँसिएको जटिल विषय हो। विगतका सन्धि-सम्झौताबाट सिकिएको पाठलाई वर्तमान रणनीतिसँग जोड्दै नेपालले प्रमाण, कूटनीति र राष्ट्रिय एकताको बलमा आफ्नो भू-अधिकार सुरक्षित गर्न सक्षम र दीर्घकालीन समाधानतर्फ अघि बढ्नुपर्ने देखिन्छ।

## सीमाक्षेत्रमा ...

कडा पारिएको र गस्ती तथा चेकजाँच नियमित भइरहेको दाबी गरेको छ।

स्थानीयवासीले सीमामा कडा निगरानी, संगठित तस्करी सञ्जालमाथि निष्पक्ष अनुसन्धान तथा प्रभावकारी संयुक्त सुरक्षा अभियान सञ्चालन गर्न सम्बन्धित निकायसँग माग गरेका छन्। उनीहरूको भनाइमा, यस्ता गतिविधि नियन्त्रण नहुँदा राज्यको राजस्व मात्र होइन, सीमाक्षेत्रको सुरक्षा व्यवस्था समेत जोखिममा पर्नेछ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

# समस्याग्रस्त सहकारीमा ४६ अर्ब फिर्ता गर्न बाँकी, जेठ पहिलो साताबाट बचत फिर्ता प्रक्रिया सुरू हुने

***२२ बैशाख, काठमाडौं ।***
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले आगामी जेठको पहिलो साताबाट बचतकर्तालाई रकम फिर्ता गर्ने प्रक्रिया सुरू गर्ने भएको छ। समितिका अनुसार करिब ७६ हजार बचतकर्ताको झन्डै ४६ अर्ब रुपैयाँ फिर्ता गर्न बाँकी रहेको छ। हालसम्म सरकारबाट चक्रीय कोषमार्फत २६ करोड रुपैयाँ सापटी लिइएको र ऋणीहरूबाट करिब ६० करोड रुपैयाँ कर्जा असुल भइसकेको समितिले जनाएको छ। बचत फिर्ता प्रक्रियालाई प्रभावकारी बनाउन कर्जा असुलीलाई प्राथमिकतामा राखिने स्पष्ट पारिएको छ।



समितिले जारी गरेको विज्ञप्तिअनुसार पहिलो चरणमा मागदाबी गरेका बचतकर्तालाई रकम फिर्ता गरिनेछ भने छुट भएका बचतकर्ताका लागि पुनः मागदाबी खुला गरिने तयारी गरिएको छ। बचत मिलानका लागि वैज्ञानिक तथा न्यायपूर्ण कार्यविधि निर्माण गरिने पनि उल्लेख गरिएको छ। कर्जा असुलीलाई प्रभावकारी बनाउन कडा नीति अपनाइने जनाउँदै किस्ताबन्दीमा भुक्तानी गर्न लिखित प्रतिबद्धता जनाउने ऋणीलाई निश्चित समय दिइने, अटेरी गर्नेहरूको तीनपुस्ते विवरण सार्वजनिक गर्ने तथा परिवारका सदस्यसमेतलाई कालोसूचीमा राख्ने चेतावनी दिइएको छ।

यसका साथै गुनासो व्यवस्थापन र सूचना प्रवाहलाई नियमित बनाउने, सरोकारवालासँग छलफल गर्ने, आन्तरिक पुनःसंरचना तथा कार्ययोजना निर्माणलाई तीव्रता दिने काम भइरहेको समितिले जनाएको छ। कार्यसम्पादनलाई प्रभावकारी बनाउन विज्ञ र सचेत नागरिकसँग सुझाव तथा सहयोगको अपिलसमेत गरिएको छ।

# भूमि आयोग हटाउन सरकारको नयाँ अध्यादेश

काठमाडौं, २२ वैशाख – भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने जिम्मेवारीमा रहेको भूमि आयोगको संरचना नै निष्क्रिय पारेर सरकारले नयाँ समिति वा कार्यदल गठन गर्ने व्यवस्था ल्याएको छ।




भूमि सम्बन्धी ऐन २०२१ का केही दफा संशोधन गर्दै सरकारले अध्यादेशमार्फत आयोगसम्बन्धी प्रमुख व्यवस्थाहरू हटाएको हो। यससँगै सुकुम्बासी तथा भूमिहीन परिवारको लगत संकलन, प्रमाणीकरण र जग्गा वितरण प्रक्रियामा आयोगको प्रत्यक्ष भूमिका समाप्त भएको छ।

अध्यादेशअनुसार अब यी सबै काम केन्द्र र जिल्ला तहमा गठन हुने नयाँ समिति वा कार्यदलमार्फत गरिनेछ। सरकारले आवश्यकताअनुसार समिति गठन गरी भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र जग्गा उपलब्ध गराउने व्यवस्था गरेको छ।

यसअघि भूमि ऐनको दफा ५२(ख) ले आयोग गठन गरी भूमिसम्बन्धी समस्या समाधान गर्ने स्पष्ट व्यवस्था गरेको थियो। तर संशोधनपछि उक्त दफाका उपदफा हटाइएपछि आयोगको संरचनागत आधार नै कमजोर भएको छ।

सरकारले अध्यादेशमार्फत नयाँ दफा थप्दै समितिलाई नै सबै अधिकार दिएको छ। अब यी समितिहरूले जग्गा पहिचान, स्थलगत अध्ययन, प्रमाण संकलन तथा वितरणसम्मका काम गर्नेछन्। यस निर्णयलाई लिएर सरोकारवालाहरूले आयोगलाई हटाएर समान प्रकृतिको अर्को संरचना बनाउनु केवल व्यवस्थागत रूपान्तरण मात्र भएको टिप्पणी गरेका छन्। केहीले भने यसले नीति कार्यान्वयनमा अझै अस्पष्टता र जटिलता बढाउने बताएका छन्।

यसअघि पनि भूमि आयोगको कार्यसम्पादनलाई लिएर विवाद हुँदै आएको थियो। विशेषगरी सुकुम्बासी व्यवस्थापन र बस्ती स्थानान्तरणका विषयमा सरकार र आयोगबीच समन्वय कमजोर देखिँदै आएको थियो।

हाल सरकारले आयोगको सट्टा नयाँ समिति वा कार्यदलमार्फत समस्या समाधान गर्ने बताएको छ। तर यसले दीर्घकालीन समाधान दिन्छ वा पुनः संरचनागत विवाद निम्त्याउँछ भन्ने विषयमा बहस जारी छ।

# सीमा सुरक्षा सुदृढ गर्न दूतावासमा सशस्त्र प्रहरी प्रतिनिधि राख्ने प्रस्ताव, "डिजिटल बोर्डर" अवधारणा अघि बढ्दै

२२ बैशाख, काठमाडौं। खुला सीमाना भएका कारण नेपाल-भारत सीमाक्षेत्रमा देखिँदै आएका सुरक्षा चुनौती, आपराधिक गतिविधि र तस्करी नियन्त्रणका लागि समन्वय सुदृढ गर्न सशस्त्र प्रहरी बलले दूतावासमा आफ्नो प्रतिनिधि राख्ने प्रस्ताव अघि सारेको छ। सशस्त्र प्रहरी मुख्यालय (हल्चोक) का अनुसार दूतावासमा प्रतिनिधि राखिएमा नेपाल र भारतबीचको सीमा सुरक्षा निकाय सशस्त्र प्रहरी र भारतीय सशस्त्र सीमा बल ( एसएसबी) बीच प्रत्यक्ष समन्वय प्रभावकारी हुने अपेक्षा गरिएको छ। प्रस्तावअनुसार दूतावासमा सशस्त्र प्रहरीको प्रतिनिधि रहँदा सीमा क्षेत्रमा हुने अपराध नियन्त्रण, संयुक्त गस्ती तथा सूचना आदान-प्रदान सहज हुने र दुवै देशका सुरक्षा निकायबीच सहकार्य मजबुत हुने विश्वास गरिएको छ। सशस्त्र प्रहरीले सीमावर्ती जिल्लामा पहाडी क्षेत्रबाट ल्याइएका जनशक्ति समेत सीमा सुरक्षा व्यवस्थापनमा परिचालन गर्दै आएको छ।




यसैबीच सशस्त्र प्रहरीले "डिजिटल बोर्डर कन्सेप्ट" पनि अघि बढाएको छ, जसअन्तर्गत सीमाक्षेत्रका गतिविधि काठमाडौंस्थित केन्द्रबाटै प्रविधिमार्फत निगरानी गर्न सकिने व्यवस्था गर्ने लक्ष्य राखिएको छ। उक्त योजना सशस्त्र प्रहरी महानिरीक्षकको कार्यकालमा मन्त्रालयमा पेश भइसकेको र यसलाई दीर्घकालीन महत्वपूर्ण परियोजनाका रूपमा लिइएको छ।

यता नेपाल प्रहरी पनि विगत लामो समयदेखि विभिन्न मुलुकमा प्रहरी सहचारी (एयष्अिभ ब्ततबअजभ) राख्ने प्रस्ताव अघि सार्दै आएको छ। २०५६ सालदेखि सुरु भएको उक्त पहलअन्तर्गत भारतसहित ८ देशमा सहचारी राख्ने प्रस्ताव भए पनि हालसम्म दिल्ली बाहेक अन्य देशमा कार्यान्वयन हुन सकेको छैन। परराष्ट्र मन्त्रालयसँगको समन्वय, खर्च व्यवस्थापन तथा संस्थागत भूमिका सम्बन्धी असहमति कारण प्रस्ताव अगाडि बढ्न नसकेको बताइन्छ।

पूर्व प्रहरी प्रमुखहरूले खुला सीमाना भएका कारण अन्तर्राष्ट्रिय सुरक्षा समन्वयका लागि प्रहरी सहचारी आवश्यक भए पनि संस्थागत समन्वयको कमी र प्रशासनिक जटिलताले ढिलाइ भइरहेको टिप्पणी गर्दै आएका छन्। विशेषगरी भारतमा मात्र सीमित सहचारी व्यवस्था भए पनि अन्य देशमा विस्तार हुन नसक्नु प्रहरी कूटनीतिक उपस्थितिमा कमजोर पक्षका रूपमा हेरिएको छ। समग्रमा, खुला सीमा व्यवस्थापनलाई प्रभावकारी बनाउन सशस्त्र प्रहरी र नेपाल प्रहरी दुवैको अन्तर्राष्ट्रिय प्रतिनिधित्व विस्तार, प्रविधिमैत्री निगरानी प्रणाली र कूटनीतिक समन्वय सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

# निर्माण आयोजना तीव्र बनाउन सरकारको ९ बुँदे परिपत्र

***काठमाडौं, वैशाख २२।***
भौतिक पूर्वाधार तथा यातायात तथा सहरी विकास मन्त्रालयले चालु आर्थिक वर्षका निर्माण आयोजनाहरूलाई तीव्रता दिन मातहतका निकायलाई ९ बुँदे परिपत्र जारी गर्दै स्पष्ट निर्देशन दिएको छ। मन्त्रालयले निर्माण क्षेत्रमा देखिँदै आएको ढिलासुस्ती अन्त्य गर्न, आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन र प्रगति सुनिश्चित गर्न तत्काल सुधारात्मक कदम चाल्न आग्रह गरेको हो।




परिपत्रअनुसार सबै आयोजनाको नियमित अनुगमन अनिवार्य रूपमा गर्नुपर्नेछ र प्रत्येक आयोजनाको प्रगति प्रतिवेदन समयमै पेश गर्नुपर्ने व्यवस्था गरिएको छ। साथै, कार्यान्वयनका क्रममा देखिने समस्या तथा अवरोधहरू तत्काल पहिचान गरी सम्बन्धित निकायहरूबीच प्रभावकारी समन्वयमार्फत समाधान गर्नुपर्ने मन्त्रालयले निर्देशन दिएको छ। आयोजनाको ढिलाइ हुने पुरानो प्रवृत्ति अन्त्य गर्न कडा निगरानी प्रणाली अपनाइने पनि उल्लेख छ।

मन्त्रालयले मूल्य समायोजनसम्बन्धी विषयलाई विशेष प्राथमिकता दिएको छ। सम्झौतामा उल्लेख भएअनुसार कन्ट्र्याक्ट डकुमेन्टको प्रावधानअनुसार मूल्य समायोजन तत्काल कार्यान्वयन गर्न निर्देशन दिइएको छ। यदि मूल्य समायोजन लागू गर्न कुनै समस्या आए वा मन्त्रालयको सहजीकरण आवश्यक भएमा तुरुन्तै जानकारी गराउनुपर्ने व्यवस्था गरिएको छ। यसले निर्माण व्यवसायी र सरकारबीच देखिएको असमझदारी घटाउने अपेक्षा गरिएको छ।

त्यसैगरी, कुनै आयोजनाको कार्य गतिविधि सुचारु नभएमा सम्बन्धित आयोजना प्रमुख र निर्देशकलाई जिम्मेवार ठहर गरिनेछ। निर्माण स्थलमा उल्लेख्य प्रगति नदेखिएमा सम्बन्धित कार्यालय प्रमुखलाई प्रत्यक्ष उत्तरदायी बनाइने व्यवस्था पनि परिपत्रमा समावेश गरिएको छ। यसले आयोजना व्यवस्थापनमा जवाफदेहिता बढाउने अपेक्षा गरिएको छ।

मन्त्रालयले मातहतका निकायलाई कार्यसम्पादनमा अनुशासन कायम गर्न, नियमित रिपोर्टिङ प्रणाली मजबुत बनाउन र समन्वयात्मक ढंगले काम अघि बढाउन जोड दिएको छ। सचिव गोपालप्रसाद सिग्देलका अनुसार यो पहलले विकास आयोजनामा देखिएको लामो समयदेखिको ढिलासुस्ती अन्त्य गर्दै परियोजनाहरू समयमै सम्पन्न गर्न महत्वपूर्ण भूमिका खेल्नेछ। उनले मूल्य समायोजन र कार्यान्वयन प्रक्रियालाई सहज बनाएर निर्माण क्षेत्रमा देखिएको समस्या समाधान गर्ने उद्देश्य रहेको पनि स्पष्ट पारे।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।